# पृथ्वीसुब्बा गुरुङको अपिल



आदरणीय लमजुङवासी आमाबाबा, दाजुभाइ, दिदीबहिनी तथा नवयुवा साथीहरू,

यही फागुन २१ गते हुन गइरहेको आम निर्वाचनमा नेकपा (एमाले) को तर्फबाट म लमजुङ जिल्लाको प्रतिनिधिसभा सदस्य पदको उम्मेदवारका रूपमा तपाईंहरूको दैलोमा उभिएको छु। प्राकृतिक सम्पदा, गौरवमय संस्कृति, अथाह श्रम र साहसी जनताको अनुपम भूमि हाम्रो प्यारो लमजुङलाई समृद्ध, आत्मनिर्भर र भविष्यप्रति आशावादी बनाउने स्पष्ट कार्यदिशा, एजेन्डा, लामो अनुभव र इमानदार नेतृत्वका साथ म तपाईंहरूको अमूल्य मत माग्न पुनः उपस्थित भएको छु।

यो निर्वाचनमा सूर्य चिन्हमा दिनुभएको मतदानबाट विजयी भएर लमजुङको विकास, स्थायित्व र समृद्धिका बाँकी कार्यभारहरू पूरा गर्ने विश्वास दिलाउन चाहन्छु।

तपाईंलाई थाहा नै छ मेरो राजनीति सत्ताको लालसा होइन, सङ्घर्ष, सिद्धान्त र जनसेवाको जगमा जन्मिएको हो। २०२७ सालमा अनेरास्ववियुबाट सुरु भएको मेरो यात्रा किसान सङ्घर्ष र शिक्षक आन्दोलनबाट सुरु भई पञ्चायत विरोधी सङ्घर्ष हुँदै यहाँसम्म आइपुगेको छ।२०३५ सालतिर जब म शिक्षक थिएँ, शिक्षकहरूको हकहितमा आवाज उठाउँदा पञ्चायती तानाशाहका कारण मैले पटक-पटक हिरासत र जेल बिताउन पर्‍यो। पञ्चायत व्यवस्थालाई भित्रैबाट ध्वस्त पार्ने र भण्डाफोर गर्ने रणनीति अन्तरगत २०४३ सालमा जेलभित्रबाट उम्मेदवार बनें। मैले त्यो चुनावमा पराजित भए पनि त्यति बेला तपाईंहरूले दिनुभएको मत र मायाको ऋण मैले आजसम्म बिर्सेको छैन।

२०६४ सालमा संविधानसभा सदस्यमा तपाईंहरूले अमूल्य मत दिएर मलाई विजयी गराउनु भयो। मैले संविधानसभाको शासकीय स्वरूप निर्धारण समितिको सदस्यका रूपमा समानुपातित निर्वाचन प्रणाली र संघिय संरचना निर्धारणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरे।

२०७४ सालमा तपाईंहरूले दिनुभएको विश्वासका कारण मैले गण्डकी प्रदेशको संस्थापक मुख्यमन्त्री बन्ने ऐतिहासिक अवसर पाएँ। शून्य अवस्थाबाट प्रदेश सरकारको संरचना र कानून निर्माण गर्नु चुनौतीपूर्ण भए पनि मेरो नेतृत्वमा राखिएको बलियो जगका कारण नै आज गण्डकी प्रदेश अन्य प्रदेशहरूको तुलनामा विकास र सुशासनमा सशक्त रूपमा अघि बढिरहेको छ।

यसै गरी २०७९ सालमा तपाईंले अत्यधिक मत दिएर मलाई प्रतिनिधि सभा निर्वाचनमा विजयी गराउनु भएको ऋण मैले तिर्न बाँकी नै छ। त्यति बेला नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रीको जिम्मेवारी सम्हाल्ने मौका पाएँ र मैले देशलाई प्रविधिमैत्री बनाउन महत्त्वपूर्ण नीतिगत सुधारहरू गरेको कुरा पनि सार्वजनिक नै छ। नेपाली आइटी कम्पनीहरूले विदेशमा शाखा खोली व्यापार गर्न पाउने कानुनी अड्चनलाई अध्यादेशमार्फत अन्त्य गरी नेपाली सीपलाई विश्व बजारसँग जोड्ने कामको नेतृत्व मैले लिएँ। 'डिजिटल नेपाल फ्रेमवर्क' मार्फत आइसिटी पूर्वाधार विस्तार र प्रविधिद्वारा सार्वजनिक सेवा वितरणलाई सुदृढ गर्ने कार्यको थालनी पनि मन्त्रीका हैसियतले मेरै नेतृत्वमा भएको हो।

लमजुङको विकासका लागि वि.सं. २०५४ सालमा स्थानीय तहहरू मार्फत मेरो नेतृत्वमा अघि सारिएको 'जल, जमिन र जङ्गल' को त्रिकोणात्मक उपयोगको अवधारणा आज पनि मेरो मार्ग निर्देशक सिद्धान्त हो। अब उक्त अवधारणालाई समयानुकूल बनाउनका लागि 'ज्ञान-आधारित विकास' (नलेज इकोसिस्टम) सँग जोडेर परिमार्जन गरेर लमजुङलाई संवृद्धिको दिशामा अगाडि बढाउने मेरो अठोट छ। देश-विदेशमा रहेका र लमजुङमा थातथलो भएका

दक्ष विज्ञहरूको सीप, ज्ञान, पुँजी र अनुभवलाई 'विज्ञ जनशक्ति डेटाबेस' मार्फत जिल्लाको विकासमा प्रत्यक्ष आबद्ध गराउँदै ज्ञान-आधारित विकासको अवधारणालाई अगाडी बढाउने छु। यसका अतिरिक्त, लमजुङका गाउँहरूलाई 'स्मार्ट भिलेज', होमस्टे, पर्या-पर्यटन, पदमार्गको सुधारलगायतका प्रणालीलाई थप सुदृढ बनाउँदै ग्रामीण पर्यटनको विश्वव्यापी हब बनाउने कार्यलाई अझै अगाडि बढाउने नै छु।

पूर्वाधार र विकासका प्राथमिकता समृद्धिको मेरुदण्ड लमजुङलाई सडक सञ्जाललाई अझै व्यापक बनाउने अभियानमा म निरन्तर लागि पर्नेछु। यसमा मुख्य रूपमा मध्यपहाडी लोकमार्गका बाँकी खण्डको निर्माण र डुम्रे-बेशीशहर-मनाङ राजमार्गको स्तरोन्नतिलाई तीव्रता दिनेछु। यसै गरी पाउँदी-बेलघारी-रामचोक-बाँझाखेत-भूलभूले-ङादी हुँदै मनाङ जोड्ने वैकल्पिक राजमार्ग र दमौली– भोर्लेटार– भुजुङ हुँदै बेसीशहर जोड्ने सडक निर्माण मेरा दूरगामी योजना हुन्।

यसै गरी लमजुङको अर्थतन्त्रको मेरुदण्ड कृषि र पशुपालनलाई आधुनिकीकरण गर्न, उत्पादन लागत घटाउन, सिँचाइलाई यान्त्रिकीकरण गर्दै लमजुङका टार र फाँटहरूमा सिँचाइ गर्ने कामको नेतृत्व लिनेछु। कृषि र पशुपालनलाई पर्यटन र होमस्टेसँग जोड्ने 'फार्म टु टेबल' को अवधारणा र स्थानीय उत्पादनको ब्रान्डिङमार्फत जिल्लालाई आत्मनिर्भर र आर्थिक रूपमा समृद्ध बनाउने लक्ष्यका साथ अगाडि बढ्ने छु।

सामान्य स्वास्थ्य समस्याको उपचारका लागि काठमाडौं र पोखरा धाउनु पर्ने बाध्यात्मक अवस्थाको अन्त्य गर्नका लागि आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक भौतिक संरचनाको निर्माण तथा दक्ष जनशक्ति परिचालनको कामलाई प्राथमिकतामा राखेर अगाडी बढ्ने छु।

अहिले नयाँपुस्ताका युवा राजनीतिमा हस्तक्षेप गर्न जुरमुराउनु भएको छ, जुन सुखद सङ्केत हो। यसले नेपालको राजनीतिक भविष्य उज्ज्वल छ भन्ने देखाएको छ। म सबैलाई राजनीतिमा स्वागत गर्छु। मैलेपनि युवा अवस्थामा नै राजनीतिमा प्रवेश गरेको थिएँ।

पार्टीको उपाध्यक्षको हैसियतले नेकपा (एमाले) को घोषणापत्रमा उल्लेख गरिएका सबै ग्यारेन्टीहरू पूरा गर्ने जिम्मा मेरो पनि हो।

तपाईंको अमूल्य मतले प्रतिनिधिसभा सदस्यमा विजय भएपछि मेरो मुख्य भूमिका संसद्लाई जनपक्षीय कानून निर्माण, नीति तर्जुमा र जनहितको बजेट बनाउने थलोका रूपमा स्थापित गर्नु हुनेछ। संसद्लाई प्रभावकारी बनाउन डिजिटल प्लेटफर्म र सार्वजनिक सुनुवाइमार्फत समावेशी कानून निर्माणमा लाग्नेछु। नीतिगत भ्रष्टाचार रोक्न स्वार्थको द्वन्द्व (कनफ्लिक्ट अफ इन्टरेस्ट) विरुद्ध कडा आचारसंहिता लागू गर्ने, बनेका कानूनको प्रभावकारिता परीक्षण गर्ने प्रणाली (पोस्ट लेजिस्लेटिभ स्क्रुटिनी) को प्रभावकारी कार्यान्वयन र बजेटलाई नतिजामुखी बनाउँदै बेरुजु फछ्र्यौटमा शून्य सहनशीलता अपनाउने र मतदाताहरूसँगको संवादको पहलमा प्रतिबद्धता व्यक्त गर्दछु।

आदरणीय मतदाता महानुभावहरू, मेरो राजनीति सत्ता र शक्तिको साधन होइन, आम जनताको सेवाको माध्यम हो। लमजुङमा नेकपा (एमाले) को जितले सङ्घीयताको संस्थागत विकास, समावेशिताको प्रवर्द्धन, राष्ट्रिय स्वाभिमान, संविधानको रक्षा र विधिको शासनलाई थप बलियो बनाउनेछ। यहाँहरूको सल्लाह र सुझाव मेरो लागि अमूल्य मार्गदर्शन बन्नेछन्।

आउनुहोस्, समृद्धिको यो यात्रामा सँगै हिँडौं।

**पृथ्वीसुब्बा गुरुङ**, प्रतिनिधि सभा सदस्य उम्मेदवार, लमजुङ,
नेपाल कम्युनिस्ट पार्टी (एमाले)
चुनाव चिन्हः सूर्य

फागुन २१
सूर्य चिन्हमा मतदान गरौं